# सिद्धिचरण नगरपालिका, ओखलढुङ्गा

## १ नं. प्रदेश, नेपाल

## स्थानीय राजपत्र

खण्ड ४) सङ्ख्या ३५ प्रकाशित मिति : २०७८।१२।१०


**भाग २**

## महिला उद्यमीहरुको सञ्जाल गठन एवं उद्यमशीलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७८

स्वीकृत मिति: २०७८।०९।१०

प्रमाणीकरण मिति: २०७८।०९।१६

**प्रस्तावना:**

नगर क्षेत्रका उद्यमी महिलाहरुको आर्थिक शसक्तिकरणमा वित्तीय पहुँचको अवसर सिर्जना गरी उद्यमशीलता विकासका लागि पुँजी र प्रविधि सहयोग उपलब्ध गराई एकल वा सामूहिक महिला उद्यमको माध्यमबाट स्वरोजगार बन्न सहयोग पुर्‍याउन महिला उद्यमीहरुको सञ्जाल गठन एवं उद्यमशीलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को आवश्यकता महसुस गरी सिद्धिचरण नगरपालिकाले यो कार्यविधि स्वीकृत गरी यो जारी गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यो कार्यविधिको नाम "महिला उद्यमीहरुको सञ्जाल गठन एवं उद्यमशीलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७८" रहनेछ ।

ख) यो कार्यविधि सिद्धिचरण नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट सिद्धिचरण नगरपालिकाको क्षेत्रभर लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क) "कार्यविधि" भन्नाले "सिद्धिचरण नगरपालिकाको महिला उद्यमीहरुको सञ्जाल गठन एवं उद्यमशीलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७८" भन्ने सम्झनु पर्दछ ।

ख) "नगरपालिका" भन्नाले सिद्धिचरण नगरपालिका ओखलढुङ्गा भन्ने सम्झनु पर्दछ ।

ग) "नगर प्रमुख" भन्नाले सिद्धिचरण नगरपालिका ओखलढुङ्गाको नगर प्रमुख भन्ने सम्झनु पर्दछ ।

घ) "उपप्रमुख" भन्नाले सिद्धिचरण नगरपालिका ओखलढुङ्गाको उपप्रमुख भन्ने सम्झनु पर्दछ ।

ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सिद्धिचरण नगरपालिका ओखलढुङ्गाको प्रमुख प्रशासकीय अधिकृत भन्ने सम्झनु पर्दछ ।

च) "कार्यक्रम" भन्नाले कार्यविधि बमोजिम नगर क्षेत्रमा सञ्चालन गरिने महिला उद्यमीहरुको सञ्जाल गठन तथा उद्यमशीलता विकास कार्यक्रम भन्ने सम्झनु पर्दछ ।



छ) "टेवा पूँजी" भन्नाले उद्यमी महिलाहरुले नयाँ उद्यम सञ्चालन गर्न वा सञ्चालन भइरहेको उद्यम व्यवसायलाई विस्तार एवं स्तरोन्नतिका लागि स्वीकृत व्यवसायिक योजना सञ्चालन गर्न नगरपालिकाबाट उपलब्ध गराइने पूँजी भन्ने सम्झनु पर्दछ ।

ज) "प्रविधि" भन्नाले महिला उद्यमीद्वारा सञ्चालित उद्यम व्यवसाय स्तरोन्नति गर्न र उत्पादित वस्तु तथा सेवालाई थप गुणस्तरीय बनाउन आवश्यक पर्ने मेशिनरी औजार/उपकरण भन्ने सम्झनु पर्दछ ।

झ) "वित्तीय पहुँच" भन्नाले महिला उद्यमशिलता विकासको लागि बैंक, वित्तीय संस्था, सहकारी संस्था, सरकारी तथा गैर सरकारी एवं निजी क्षेत्रबाट ऋण तथा अनुदान उपलब्धताको अवस्था भन्ने सम्झनु पर्दछ ।

ञ) "महिला उद्यमी" भन्नाले नाफा कमाउने उद्देश्यले जोखिम वहन गरी उद्योग व्यवसाय सञ्चालनका लागि लगानी गर्न चाहने वा लगानी गरेका नगर क्षेत्रका महिला वा महिला उद्यमी समूहलाई सम्झनुपर्दछ ।

ट) "महिला उद्यमशीलता सहजीकरण केन्द्र" भन्नाले कार्यविधिको बुँदा नं. ११ बमोजिम रहने सहजीकरण केन्द्र भन्ने सम्झनु पर्दछ ।

ठ) "कार्यान्वयन समिति" भन्नाले कार्यविधिको बुँदा नं.१३ बमोजिम गठन हुने महिला उद्यमशीलता कार्यक्रम कार्यान्वयन समिति भन्ने सम्झनु पर्दछ ।

ड) "महिला उद्यमी समूह" भन्नाले कार्यविधिको बुँदा नं.३.१ बमोजिम गठन हुने समूह भन्ने सम्झनु पर्दछ ।

ढ) "वडा स्तरीय महिला उद्यम विकास कार्य समिति" भन्नाले कार्यविधिको बुँदा नं. ३.२ बमोजिम गठन हुने समिति भन्ने सम्झनु पर्दछ ।

ण) "नगर स्तरीय महिला उद्यम विकास कार्य समिति" भन्नाले कार्यविधिको बुँदा नं. ५ बमोजिम गठन हुने समिति भन्ने सम्झनु पर्दछ ।

## परिच्छेद् २

## महिला उद्यमी समूह तथा समितिको गठन, परिचालन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी

**३. वडा स्तरीय महिला उद्यमी समूह तथा महिला उद्यम विकास कार्य समितिको गठन देहाय बमोजिम हुनेछ ।**

**३.१ वडा स्तरीय उद्यमी महिला समूहः**

सम्बन्धित वडामा बसोवास गर्ने कार्यविधिको बुँदा नं. २ को (ञ) बमोजिमका सबै महिलाहरु सहभागि रहेको समूहलाई वडा स्तरीय महिला उद्यमी समूह भनिनेछ ।

**३.२ वडा स्तरीय महिला उद्यम विकास कार्य समितिः**

वडा स्तरीय उद्यमी महिला समूहको भेलाबाट तपसिल बमोजिमको वडा स्तरीय महिला उद्यम विकास कार्य समिति गठन हुनेछ ।

क) अध्यक्ष -१

ख) उपाध्यक्ष -१

ग) सचिव -१

घ) कोषाध्यक्ष -१

ङ) सदस्यहरु -३

तर, माथि उल्लेखित व्यवस्थाले वडा स्तरीय महिला उद्यमी समूहको जम्मा सदस्य संख्या ७ जना वा सो भन्दा कम भएको अवस्थामा समूहको निर्णयबाट उपलब्ध सदस्यहरु मध्येबाट ७ जना भन्दा कम संख्याको वडा महिला उद्यम विकास कार्य समिति गठन गर्न बाधा पार्ने छैन ।



**४. नगर स्तरीय उद्यमी महिला समूह तथा महिला उद्यम विकास कार्य समितिको गठन देहाय बमोजिम हुनेछ ।**

**४.१ नगर स्तरीय उद्यमी महिला समूहमा देहाय बमोजिमका सदस्यहरु रहने छन ।**

क) प्रत्येक वडा स्तरीय महिला उद्यम विकास कार्य समितिले आफूमध्येबाट ३ जनाका दरले छानी पठाएका प्रतिनिधिहरु,

ख) वडा स्तरीय महिला उद्यमी समूहका सदस्यहरुमध्येबाट नगर प्रमुखद्वारा मनोनित १३ जना प्रतिनिधिहरु ।

**५. नगर स्तरीय महिला उद्यम विकास कार्य समितिः**

नगर स्तरीय महिला उद्यमी समूहको भेलाबाट तपसिल बमोजिमको नगर स्तरीय महिला उद्यम विकास कार्य समिति गठन हुनेछ ।

क) अध्यक्ष -१

ख) उपाध्यक्ष -१

ग) सचिव -१

घ) कोषाध्यक्ष -१

ङ) उप-सचिव -१

च) उप-कोषाध्यक्ष -१

छ) सदस्यहरु -७

**६. वडा स्तरीय महिला उद्यमी समूहको काम कर्तब्य तथा अधिकार देहाय बमोजिम हुनेछ ।**

क) वडा स्तरीय महिला उद्यम विकास कार्य समितिको गठन गर्ने,

ख) वडा स्तरीय महिला उद्यम विकास कार्य समितिले पेश गरेको बार्षिक बजेट, कार्यक्रम आय व्यय विवरण उपर छलफल गरी स्वीकृत गर्ने ।

ग) समूहमा आवद्ध सदस्यहरुको क्षमता तथा आयस्तर उकास्ने खालका कृयाकलापहरु सञ्चालनका लागि आवश्यक स्रोतको खोजी गरी कार्यान्वयन गर्न वडा स्तरीय महिला उद्यम विकास कार्य समितिलाई सहयोग गर्ने ।

घ) उद्यमी समूहका सदस्यहरुको हितसँग सम्बन्धित विभिन्न सूचनामूलक एवं प्रवर्द्धनमूलक अभियानहरु सञ्चालन गर्ने ।

ङ) समूहका सदस्यहरुबाट मासिक रुपमा बचत संकलन तथा परिचालन गर्ने ।

च) उद्यमी समूहका सदस्यहरुका हित अनुकुलका अन्य कार्यहरु गर्ने ।

**७. वडा स्तरीय महिला उद्यम विकास कार्य समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

क) आफ्ना क्षेत्रका महिला उद्यमीहरुको तथ्याङ्क संकलन तथा अध्यावधिक गरी सोको बिवरण तथा समितिद्वारा सम्पादित कामको प्रगति बिवरण नगर स्तरीय महिला उद्यम विकास कार्य समतिमा पेश गर्ने ।

ख) समूहका सदस्यहरुको क्षमता अभिवृद्धि तथा आयस्तर उकास्ने क्रियाकलापहरु सञ्चालन गर्न बार्षिक बजेट तथा कार्यक्रम प्रस्ताव तयार गरी स्वीकृतिका लागि समूहको बार्षिक भेलामा पेश गर्ने ।

ग) नगर स्तरीय महिला उद्यमी समूहमा प्रतिनिधित्व गर्ने प्रतिनिधिहरुको छनौट गर्ने ।

घ) आफ्नो क्षेत्रमा सञ्चालन भैरहेका उद्यम विकास सम्बन्धी कार्यहरु प्रभावकारी सञ्चालनका लागि आवश्यक सहयोग गर्ने ।

ङ) कार्य समितिको बार्षिक आय ब्ययको यथार्थ बिवरण तयार गरी स्वीकृतिका लागि समूहको बार्षिक भेलामा पेश गर्ने ।

च) आफ्ना क्षेत्रका उद्यमी महिलाहरुको आर्थिक शसक्तिकरण, वित्तीय पहुँचको अवसर सिर्जना तथा उद्यमशीलता विकासका लागि टेवा



पुँजी र प्रविधि सहयोग उपलब्ध गराउनका लागि दाता एवं साझेदारहरुको खोजी गरी सहयोग जुटाउने ।

**८. नगर स्तरीय महिला उद्यमी समूहको काम कर्तब्य तथा अधिकार देहाय बमोजिम हुनेछ ।**

क) नगर स्तरीय महिला उद्यम विकास कार्य समितिको गठन गर्ने,

ख) नगर स्तरीय महिला उद्यम विकास कार्य समितिले पेश गरेको बार्षिक बजेट, कार्यक्रम आय ब्यय बिवरण उपर छलफल गरी स्वीकृत गर्ने ।

ग) सदस्यहरुको क्षमता तथा आयस्तर उकास्ने खालका कृयाकलापहरु सञ्चालनका लागि आवश्यक स्रोतको खोजी गरी कार्यान्वयन गर्न नगर स्तरीय महिला उद्यम विकास कार्य समितिलाई सहयोग गर्ने ।

घ) उद्यमी समूहका सदस्यहरुको हितसँग सम्बन्धित विभिन्न सूचनामूलक एवं प्रवर्द्धनमूलक अभियानहरु सञ्चालन गर्ने ।

ङ) उद्यमी समूहका सदस्यहरुका हित अनुकुलका अन्य कार्यहरु गर्ने ।

**९. नगर स्तरीय महिला उद्यम विकास कार्य समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

क) वडा स्तरीय महिला उद्यम विकास कार्य समितिबाट प्राप्त उद्यमीहरुको अध्यावधिक तथ्याङ्कको आधारमा महिला उद्यम विकास सम्बन्धी कार्ययोजना तयार गरी स्वीकृतिका लागि नगरपालिमा पेश गर्ने ।

ख) समूहका सदस्यहरुको क्षमता अभिवृद्धि तथा आयस्तर उकास्ने क्रियाकलापहरु सञ्चालन गर्न बार्षिक बजेट तथा कार्यक्रम प्रस्ताव तयार गरी स्वीकृतिका लागि समूहको बार्षिक भेलामा पेश गर्ने ।

ग) सञ्चालन भैरहेका उद्यम विकास सम्बन्धी कार्यहरु प्रभावकारी सञ्चालनका गर्न आवश्यक सहयोग गर्ने ।

घ) कार्य समितिको वार्षिक आय व्ययको यथार्थ बिवरण तयार गरी स्वीकृतिका लागि समूहको वार्षिक भेलामा पेश गर्ने ।

ङ) उद्यमी महिलाहरुको आर्थिक शसक्तिकरण, वित्तीय पहुँचको अवसर सिर्जना तथा उद्यमशीलता विकासका लागि टेवा पुँजी र प्रविधि सहयोग उपलब्ध गराउन दाता एवं साझेदारहरुको खोजी गरी सहयोग जुटाउने ।

## १०. बैठक तथा भेला सम्बन्धी व्यवस्थाः

### १०.१ समितिको बैठक सम्बन्धी व्यवस्थाः

क) वडा/नगर स्तरीय महिला उद्यम विकास कार्य समितिको बैठक कम्तीमा दुई महिनाको एक पटक बस्नेछ ।

ख) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले, निजको अनुपस्थितिमा उपाध्यक्षले र दुवैको अनुपस्थितिमा उपस्थित पदाधिकारीहरुमध्ये ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

ग) समितिमा कायम रहेको कुल सदस्य संख्याको ५१ प्रतिशत सदस्य उपस्थित भएपछि गणपुरक संख्या पुगेको मानिने छ ।

घ) समितिको अध्यक्षको निर्देशनमा सचिवले सबै सदस्यहरुलाई बैठक सम्बन्धी सूचना दिनेछ ।

ङ) बैठकको निर्णय बहुमतको आधारमा हुनेछ । मत बराबर भएको अवस्थामा अध्यक्षले निर्णायक मत दिनेछ ।

च) समितिको सचिवले बैठकको निर्णयको अभिलेखन तथा प्रमाणीकरण गर्नेछ ।

छ) बैठकको अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।



### १०.२ वडा/नगर स्तरीय महिला उद्यमी समूहको भेला सम्बन्धी व्यवस्थाः

क) वडा/नगर स्तरीय महिला उद्यमी समूहको भेला कम्तीमा बर्षको एक पटक बस्नेछ ।

ख) भेलाको अध्यक्षता समूहको अध्यक्षले, निजको अनुपस्थितिमा उपाध्यक्षले र दुवैको अनुपस्थितिमा उपस्थित पदाधिकारीहरुमध्ये ज्येष्ठ सदस्यले भेलाको अध्यक्षता गर्नेछ ।

ग) समूहमा कायम रहेको कुल सदस्य संख्याको ५१ प्रतिशत सदस्य उपस्थित भएपछि गणपुरक संख्या पुगेको मानिने छ ।

घ) समूह अध्यक्षको निर्देशनमा सचिवले सबै सदस्यहरुलाई भेला सम्बन्धी सूचना दिनेछ ।

ङ) भेलाको निर्णय बहुमतको आधारमा हुनेछ । मत बराबर भएको अवस्थामा अध्यक्षले निर्णायक मत दिनेछ ।

च) समूहको सचिवले बैठकको निर्णयको अभिलेखन तथा प्रमाणीकरण गर्नेछ ।

च) समूह भेलाको अन्य कार्यविधि समूह आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

### १०.३ रिक्त पदमा पदपूर्ति गर्ने सम्बन्धी व्यवस्थाः

क) वडा स्तरीय महिला उद्यम विकास कार्य समिति र नगर स्तरीय महिला उद्यम विकास कार्य समितिको अध्यक्ष वाहेकका अन्य पदहरु कुनै पनि कारणबाट रिक्त हुन गएमा सम्वन्धित उद्यमी समूहका सदस्यहरु मध्येबाट कार्य समितिको बैठकको निर्णय बमोजिम बाँकी अवधिको लागि मनोनयन गर्न सकिने छ ।

ख) तर, कार्य समितिको अध्यक्षको पद रिक्त भएको अवस्थामा सम्बन्धित समूह भेलाको निर्णय अनुसार मात्र बाँकी अवधिको लागि अध्यक्ष मनोनित गर्न सकिने छ ।

**१०.४ चल अचल सम्पत्तिको ग्रहण सम्बन्धी व्यवस्था:**

यो कार्यविधि बमोजिम गठन हुने वडा तथा नगर स्तरीय उद्यमी महिला समूह र महिला उद्यम विकास कार्य समिति कुनै कारणवश विघटन हुन गएमा समूह/समितिको नाममा रहेको चल अचल सम्पत्ति नगरपालिकाले ग्रहण गर्नेछ ।

## परिच्छेद ३
## मूख्य कार्यहरु

**११. कार्यक्रम सञ्चालनको क्रममा मूख्यतया देहाय बमोजिमका कार्यहरु सञ्चालन गरिने छ ।**

**११.१ क्षमता अभिवृद्धि सम्बन्धी कार्यहरुः**

क) महिला उद्यमीहरुको तथ्याङ्क संकलन गरी अध्यावधिक गर्ने ।

ख) वडा तथा नगर स्तरमा महिला उद्यमीहरुको सञ्जाल गठन गरी महिला उद्यमीहरुलाई उद्यमशील बन्न प्रेरित गर्ने ।

ग) उद्यम व्यवसाय प्रवर्द्धनका लागि आवश्यक पूँजी र प्रविधि सहयोगका लागि सहजीकरण गरी महिला उद्यमी तथा उद्यमको क्षमता अभिवृद्धि गर्ने ।

घ) महिला उद्यमीलाई उद्यम प्रवर्द्धन तथा वित्तीय पहूँच सम्बन्धी अभिमूखीकरण कार्यक्रम सञ्चालन गर्ने ।

ङ) स्वरोजगार र उद्यमशीलताको माध्यमबाट महिलाको आर्थिक सशक्तिकरणमा टेवा पुऱ्याउने ।

**१२. महिला उद्यमशीलता सहजीकरण केन्द्र सम्बन्धी व्यवस्था :**

१) नगर क्षेत्रका उद्यमी महिलाहरुको आर्थिक शसक्तिकरणमा वित्तीय पहुँचको अवसर सिर्जना, उद्यमशीलता विकासका लागि पुँजी र प्रविधि सहयोग जस्ता कार्यमा सहजीकरण गर्न नगरपालिकाको



महिला तथा बालबालिका शाखाले उद्यमशीलता सहजीकरण केन्द्रको रुपमा कामकाज गर्नेछ ।

२) महिला तथा बालबालिका शाखाको प्रमुख सहजीकरण केन्द्रको सम्पर्क व्यक्तिको रुपमा कामकाज गर्नेछ ।

**१३. उद्यमशीलता सहजीकरण केन्द्रको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

(क) उद्यम सञ्चालन गर्न आवश्यक पर्ने कच्चा पदार्थको उपलब्धता र लाभका आधारमा त्यसको अनुमानित लागत, बजारीकरण उद्योगका सम्भावनाको पहिचान गरी सोको लगत प्रोफाइल राखी प्रकाशन गर्ने र महिला उद्यमीलाइ उपलब्ध एवं जानकारी गराउने ।

(ख) स्थानीय स्तरमा लघु, घरेलु तथा साना र मझौला उद्योग द्वारा उत्पादित वस्तुको गुणस्तर निर्धारण र मान्यता सम्बन्धमा सहजीकरण गर्ने ।

(ग) व्यवसायिक सीप र क्षमता भएका महिला उद्यमी, महिला उद्यमी समुह, संस्था वा सहकारीलाई व्यवसायिक योजना तयार गर्न र सोको आधारमा उद्यम व्यवसाय स्थापना गर्न सहजीकरण गर्ने ।

(घ) उद्यम सञ्चालन गर्न इच्छुक महिलालाई स्वरोजगारको अवसर सिर्जनाका लागि उद्यमशीलता तथा सीप विकास तालिम सञ्चालन गर्ने संस्थासँग सम्पर्क र समन्वय गराउने ।

(ङ) संघीय सरकारका विभिन्न निकाय प्रदेश मन्त्रालय र स्थानीय तहले सञ्चालन गर्ने महिला उद्यमीसँग सम्बन्धित कार्यक्रममा समन्वय र सहकार्य गर्ने ।

(च) कार्यक्रम सञ्चालन गर्दा स्थानीय तहको उद्योग हेर्ने सम्बन्धित शाखा प्रदेश अन्तर्गतका घरेलु तथा साना उद्योगा कार्यालय/विकास समितिसँग आवश्यक समन्वय गर्ने गराउने ।

(च) महिला उद्यमीसँग सम्बन्धित उद्यम व्यवस्थापन, अभिलेखीकरण, लेखा, लेखापरीक्षण सम्बन्धी तालीम सञ्चालन गर्न सहजीकरण गर्ने ।

(छ) महिला उद्यमीद्धारा उत्पादित वस्तुको बजारीकरणका लागि निजी क्षेत्र तथा अन्य सरोकारवालाहरुसँग समन्वय गर्ने ।

(ज) स्थानीय तहमा क्रियाशील महिला उद्यमीहरुको खण्डीकृत तथ्यांक तयार गरी अद्यावधिक गर्ने ।

(झ) महिला उद्यमीलाई उद्योग दर्ता गरी सञ्चालन गर्न र छाता संगठनमा आवद्ध गराउन सहजीकरण गर्ने ।

(ञ) नगरपालिकाबाट प्रवर्द्धित महिला सहकारी, स्थानीय तहमा रहेका प्रशिक्षक र महिला उद्यमीको रोस्टर तयार गरी सीप विकास तालीमका लागि सहजीकरण गर्ने ।

**१४. महिला उद्यमशिलता सहजिकरण केन्द्र कार्यान्वयन समिति :**

१) स्थानीय तहमा महिला उद्यमशिलता सहजीकरण केन्द्रको सञ्चालन तथा व्यवस्थापनका लागि देहाय बमोजिमको कार्यान्वयन समिति रहनेछ-

| | |
|---|---|
| (क) नगर कार्यपालिकाको उपप्रमुख | अध्यक्ष |
| (ख) नगरपालिकाको महिला सदस्यमध्येबाट नगर प्रमुखले मनोनयन गरेको एक जना महिला सदस्य | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) प्रमुख कृषि विकास शाखा | सदस्य |
| (ङ) पशु विकास शाखा | सदस्य |
| (च) उद्योग विकास शाखा हेर्ने शाखा प्रमुख | सदस्य |
| (छ) नगरपालिकाबाट प्रवर्द्धित महिला सहकारी संस्थाका पदाधिकारीहरु मध्येबाट समितिले तोकेको एक जना | सदस्य |
| (ज) नगरस्थित उद्योग वाणिज्य संघका अध्यक्ष वा निजले तोकेको प्रतिनिधि | सदस्य |
| (झ) महिला तथा बालबालिका शाखा प्रमुख | सदस्य सचिव |



२) समितिको बैठकमा आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

**१५. महिला उद्यमशीलता सहजिकरण केन्द्र कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार :**

(क) महिला उद्यमशीलता सहजीकरण केन्द्र सञ्चालन र उद्यमशीलता सम्बन्धि कार्यक्रम सञ्चालन गर्न आवश्यक मार्गदर्शन गर्ने ।

(ख) नगरपालिका क्षेत्रमा प्राप्त कच्चा पदार्थ उपलब्धताको आधारमा महिला उद्यम विकास सम्बन्धी स्थानीय नीति योजना तथा कार्यक्रम तयार गरी नगरपालिकामा स्वीकृतीका लागि पेश गर्ने ।

(ग) लक्षित वर्गको रुची र मागमा आधारित सीप विकास तालीम सञ्चालन तथा सीप परिक्षण गर्न प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT) वा नेपाल सरकारद्धारा मान्यता प्राप्त संस्थासँग सम्झौता गरी कार्यक्रम सञ्चालनको व्यवस्था मिलाउने ।

(घ) महिला उद्यमशीलता सहजिकरण केन्द्र मार्फत भएका कार्यको प्रगति विवरण अद्यावधिक गर्ने ।

(ङ) समूहका कुनै सदस्यले समूहको बचत हिनामिना गरेमा प्रचलित कानून बमोजिम कारवाही गरी अशुल उपर गर्ने ।

(च) सेवाग्राहीबाट प्राप्त गुनासोहरुको प्रचलित कानुन बमोजिम संबोधन गर्ने ।

(छ) कार्यक्रमको अनुगमन तथा मूल्यांकन गर्ने ।

**१६. महिला उद्यमशीलता सहजीकरण केन्द्र कार्यान्वयन समितिको बैठक सम्बन्धी व्यवस्थाः**

(क) कार्यान्वयन समितिको बैठक वर्षको तीन पटक र आवश्यक्ता अनुसार अध्यक्षले तोकेको मिति र समयमा बस्नेछ ।

(ख) कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा बैठकको गणपुरक संख्या पुगेको मानिने छ ।

(ग) बैठकको अध्यक्षता संयोजकले र निजको अनुपस्थितिमा उपस्थित सदस्य मध्ये वरिष्ठ सदस्यले अध्यक्षता गर्नेछ ।

(घ) बैठक सम्वन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**१७. महिला उद्यमशीलता सहजीकरण केन्द्रको सम्पर्क व्यक्तिको काम, कर्तव्य र अधिकारः**

(क) उद्यमशीलता विकास तालीमका लागि लक्षित महिलाको पहिचान र छनौट गर्न सहजीकरण गर्ने ।

(ख) सीप विकास तालीम प्राप्त महिला उद्यमीलाई उद्योग दर्ता गर्न सहजीकरण गर्ने ।

(ग) उद्यमी महिलाद्धारा सञ्चालित उद्यमबाट प्राप्त उत्पादन सामाग्री तथा आम्दानी र खर्चको लगत राख्न सहजीकरण गर्ने ।

(घ) महिला उद्यमे उद्यमीलाई उद्यम सञ्चालनको क्रममा आईपर्ने समस्या तथा चुनौती समाधानका लागि पहल गर्ने ।

(ङ) सफल उद्यमीबाट सम्पादित अनुकरणीय अभ्यास प्रवर्द्धन गर्न प्रतिवेदन तयार गर्ने ।

(च) महिला उद्यमशीलता सहजीकरण केन्द्र कार्यान्वयन समितिको सदस्य सचिव भै काम गर्ने ।



(छ) महिला उद्यमी सहजकर्ताको कार्य सम्पादन मुल्यांकन गरी समितिमा पेश गर्ने ।

(ज) नगरपालिका तथा कार्यान्वयन समितिले तोकेका अन्य कार्यहरु गर्ने ।

**१८. नगरपालिकाको भूमिकाः**

१) उद्यमशीलता सहजीकरण केन्द्र सञ्चालनमा नगरपालिकाको भूमिका देहाय बमोजिम हुनेछ ।

(क) सहजीकरण केन्द्र स्थापना तथा सञ्चालन गर्ने ।

(ख) महिला उद्यमी सहजकर्ता छनौट र परिचालन गर्ने ।

(ग) महिला उद्यमशीलता सहजीकरण केन्द्र सञ्चालनका लागि कार्यक्रम कार्यान्वयन समितिलाई आवश्यक मार्गदर्शन गर्ने ।

(घ) उद्यमशीलता विकास कार्यक्रम सञ्चालन सम्बन्धी स्थानीय नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने ।

(ङ) केन्द्रलाई दिर्घकालीन रुपमा संस्थागत गर्दै लैजाने ।

(च) कार्यक्रमको प्रगति प्रतिवेदन तयार गराई सम्बन्धित निकायमा पठाउने ।

(छ) केन्द्र सञ्चालनका लागि लागत साझेदारीको व्यवस्था गर्ने ।

(ज) नगर क्षेत्रका महिला उद्यमीहरु र कार्यक्रमबाट लाभान्वित महिला उद्यमीहरुको तथ्याङ्क संकलन तथा अध्यावधिक गर्ने गराउने ।

## परिच्छेद ३

## समन्वय, अनुगमन, मूल्याङ्कन तथा प्रगति प्रतिवेदन

**१९. समन्वय, अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन सम्बन्धी व्यवस्था**

१) कार्यक्रम कार्यान्वयन गर्दा आवश्यक्ता अनुसार संघ/प्रदेश सरकार तथा अन्य सरोकारवाला निकायहरुसँगको समन्वय तथा साझेदारीमा गरिनेछ ।

२) उद्यमशीलता सहजीकरण केन्द्रबाट सञ्चालित कार्यक्रमको नियमित अनुगमन तथा मूल्यांकन गरी सोको प्रतिवेदन तयारी गर्ने गराउने जिम्मेवारी नगरपालिकाको हुनेछ ।

३) कार्यक्रमको प्रतिवेदन नगर कार्यपालिका समक्ष पेश गरिने छ ।

## परिच्छेद ४

## विविध

**२०. प्रचलित कानून बमोजिम हुने:** यस कार्यविधिमा उल्लेख भएको विषयको हकमा यसै कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**२१. कार्यविधि संशोधन सम्बन्धी व्यवस्था :** नगरपालिकाले आवश्यकता अनुसार कार्यविधि संशोधन गर्न सक्नेछ ।

**२२. बाधा अड्काउ फुकाउने:** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अडकाउ उत्पन्न भएमा नगरपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

**आज्ञाले**

**विनोद कुमार दाहाल**

**प्रमुख प्रशासकीय अधिकृत**